वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोला !
हामी तपाईंलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।





**मकै भण्डारण :** तनहुँको ऋषिङ गाउँपालिका–८, धारूङका एक कृषकले उत्पादन गरेको मकै घुन, पुत्ला, मुसाबाट सुरक्षित गर्नका लागि परम्परागतशैलीमा थाक्रो (सुली)मा भण्डारण गरेको मकै । पुर्खादेखि चली आएको मौलिक कृषि संस्कृति, परम्परा र जीवनशैलीलाई यसरी जगेर्ना गर्दै यति ठूलो मात्रामा कृषि उत्पादनमा जोडिनु आफैँमा गर्वको विषय हो । यो दृश्य केवल मकैको उत्पादन मात्र नभएर ग्रामीण क्षेत्रको पहिचान, स्वाभिमान र आफ्नै जन्मभूमिसँगको प्रगाढ सम्बन्धको सुन्दर प्रतीकका रूपमा पनि हेर्न गरिन्छ । सुविधाको खोजीका कारण बढ्दो बसाइसराईले ग्रामीण क्षेत्र उजाडिनुका साथै खेतीयोग्य जमिन बाँझिने क्रम बढ्दै गएको समयमा यसरी मकैको सुली देखिनेक्रम लोप हुँदै गएको छ ।

*तस्विर : भञ्ज्याङ*

# भोटेकोशीको बाढी घट्यो, बालबालिकाको मनमा डर घटेन

**सुमित्रा लुइटेल/काठमाडौं**

'मलाई केही चाहिँदैन', राहत वितरण भइरहेको स्थानमा रहेका एक बालकले अरूको मुखमा हेर्दै भने । वरिपरि अन्य बालबालिका राहत लिन तँछाडमछाड गरिरहेका थिए। कसैले कपडातिर हेरिरहेका थिए, कसैले खानेकुरा । कोही बच्चा नयाँ खेलौना पाएर दंग हुँदै खेल्न थालिसकेका थिए । तर ती बालक केही लिन चाहँदैनथे । भन्दै थिए, 'लिएर के गर्नु, लगेर राख्ने ठाउँ छैन ।'

बाढीले उनको घर मात्र बगाएको थिएन, परिवार बगाएको थियो, जहाँ फर्किएर आफू सुरक्षित हुन्छु भन्ने विश्वाससमेत बगाएको थियो । त्यसैले राहतको झोला उनका लागि ठूलो कुरा थिएन । बाढीको कहरपछि बाटो खुल्न थालेको थियो । राहत पनि वितरण भइरहेको थियो । तर ती बालकको मन भने अझै त्यही विनाशकारी बाढीमा अड्किएको थियो । जुन बाढीले उनको घर बगाएको थियो ।

रसुवा, नुवाकोट र धादिङका बाढी प्रभावित क्षेत्रमा पुगेका मनोसामाजिक परामर्शदाताहरूले यस्ता धेरै बालबालिका भेटेका छन् । बाहिरबाट हेर्दा कोही सामान्य देखिन्छन् । कोही खेलिरहेका छन् । कोही हाँसिरहेका छन् । कोही राहतको लाइनमा बसेका छन् । तर उनीहरूको नजिक गएर कुरा गर्न थालेपछि थाहा हुन्छ । बाढीले घर मात्रै बगाएको छैन, उनीहरूको मनभित्र पनि धेरै कुरा भत्काएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्को द्रुत लेखाजोखा प्रतिवेदन २०८३ अनुसार रसुवा, नुवाकोट र धादिङका ३० वटा होल्डिङ सेन्टरमा रहेका १ हजार २३३ बालबालिकामध्ये १०२ जनाले आमा–बुवा दुवै गुमाएका छन् । ४३९ जना आमा–बुवाबाट छुट्टिएका छन् । ६९१ जना आमा वा बुवामध्ये एकसँग बसिरहेका छन् । २१ जना अपाङ्गता भएका बालबालिका छन् ।

यी संख्या कागजमा छन् । तर होल्डिङ सेन्टरमा पुगेपछि यही संख्या अनुहारमा देखिन्छ । कसैको आँखामा डर छ । कसैको बोली हराएको छ। कसैले आमा खोजिरहेका छन् । कसैले बुवा आउने बाटो हेरिरहेका छन् । कसैलाई आफू कहाँबाट आएको र अब कहाँ जाने भन्ने नै निश्चित छैन । तीमध्ये एउटी १४ वर्षीया बालिका अझै पनि आफ्नी बहिनी आउने विश्वासमा छिन् । 'मेरी बहिनी आउँछिन्,' उनी यही भनिरहन्छिन् ।

बाढी आएको दिन बहिनीसँग उनको हात छुटेको थियो । त्यसपछि बहिनी कहाँ गइन् भन्ने थाहा छैन । बुवा कहाँ छन् भन्ने पनि निश्चित छैन । तर उनको मनले भनिरहेको छ- बहिनी आउँछिन् । 'मेरो बुवाले बहिनीलाई बचाउनुहुन्छ,' परामर्शका क्रममा ती बालिकाले बुवामाथिको त्यही विश्वास दोहोऱ्याइन् ।

यस्तो अवस्थामा बालबालिकालाई वास्तविकता बुझाउनु मात्रै पर्याप्त हुँदैन । उनीहरूले पहिले आफू सुरक्षित छु भन्ने महसुस गर्नुपर्छ, गुमाएको मान्छे, ठाउँ र शोकलाई पनि समय दिनुपर्छ ।

त्यसैले मनोसामाजिक परामर्शदाताहरु विपद्पीडित बालबालिकासँग सिधै घटनाको बारेमा प्रश्न गर्न हतार गर्दैनन् । खेल्न दिन्छन् । चित्र बनाउन दिन्छन् । आफूलाई मन लागेको कुरा गर्न दिन्छन् । किनकि, कतिपय बालबालिकाले मुखले भन्न नसकेको



बाँकी अन्तिम पेजमा

# दूध, मासु र अण्डामा तनहुँ आत्मनिर्भर, माछामा परनिर्भर

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ दूध, मासु र अण्डा उत्पादनमा आत्मनिर्भर बन्दै गएको छ। जिल्लामा उत्पादित दूध, मासु र अण्डाले स्थानीय उपभोगको आवश्यकता धान्दै आएको छ। माछाको उत्पादन भने मागअनुसार पुग्न नसक्दा तनहुँ अझै बाहिरी जिल्लामा निर्भर रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जनाएको छ।

केन्द्रका पशु स्वास्थ्य प्राविधिक रूद्रसिंह ठकुरीका अनुसार जिल्लामा प्रतिव्यक्ति वार्षिक ९१ लिटर दूध आवश्यक पर्नेमा ११५.५ लिटर उपलब्ध छ। त्यस्तै, प्रतिव्यक्ति १४ केजी मासुको आवश्यकता रहेकामा १४.२ केजी उत्पादन भइरहेको छ। अण्डाको हकमा प्रतिव्यक्ति वार्षिक ४८ गोटा आवश्यक पर्नेमा ८१ गोटा उपलब्ध रहेको छ ।

यसअनुसार जिल्लामा प्रतिव्यक्ति वार्षिक खपतका लागि आवश्यकताभन्दा दूध २४.५४ लिटर, मासु ०.२ केजी र अण्डा ३३ गोटा बढी उत्पादन भइरहेको छ। माछाको अवस्था भने फरक छ । प्रतिव्यक्ति वार्षिक सात केजी आवश्यक पर्नेमा जिल्लामा ०.२७ केजी मात्र उपलब्ध रहेको ठकुरीले जानकारी दिए । यस हिसाबले प्रतिव्यक्ति ६.७३ केजी माछा अपुग रहेको छ ।

**४९ हजारभन्दा बढी परिवार पशुपालनमा**

तनहुँका कुल ७८ हजार ३०९ परिवारमध्ये ४९ हजार ६४० परिवार पशुपालनमा निर्भर रहेको केन्द्रको तथ्यांक छ । जिल्लाको ग्रामीण अर्थतन्त्रमा पशुपालन महत्वपूर्ण आधारका रूपमा रहेको तथ्यांकले देखाउँछ । दूध उत्पादनतर्फ पनि पछिल्लो वर्ष वृद्धि भएको छ । आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ७४ हजार ७५१ मेट्रिक टन दूध उत्पादन भएकामा आर्थिक वर्ष २०८२/८३ मा बढेर ७६ हजार

बाँकी अन्तिम पेजमा

# जीविकोपार्जनका लागि बंगुरपालन तालिम

## २३ प्रभावित परिवारका सदस्यलाई पाठो वितरण

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ जलविद्युत आयोजनाले आयोजना प्रभावित परिवारका सदस्यहरूको आयआर्जन क्षमता अभिवृद्धि गर्दै दिगो जीविकोपार्जनका अवसर सिर्जना गर्ने उद्देश्यले व्यावसायिक बंगुरपालन तथा वित्तीय साक्षरतासम्बन्धी तालिम सञ्चालन गरेको छ ।

आयोजनाको जीविकोपार्जन पुनर्स्थापना योजना अन्तर्गत व्यास वा सञ्चालनमा रहेको व्यवसाय विस्तार गर्न प्रोत्साहन गर्ने उद्देश्यले तालिम सफलतापूर्वक सम्पन्न गरेपछि प्रत्येक सहभागीलाई एक–एक वटा बंगुरको पाठो र तालिम सम्पन्न प्रमाणपत्र प्रदान गरिएको आयोजनाले जनाएको छ ।

आयोजना प्रभावित परिवारको जीविकोपार्जन पुनर्स्थापना तथा सामुदायिक विकासलाई प्राथमिकतामा राख्दै आयोजनाले हालसम्म जीविकोपार्जन र




सामुदायिक विकासतर्फ ३५ वटा कार्यक्रम सञ्चालन गरिसकेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी गराए । उनका अनुसार ती कार्यक्रमबाट आयोजना प्रभावित घरपरिवारका ७३१ जना लाभान्वित भएका छन्। लाभान्वितमध्ये ३७५ महिला र ३५६ पुरूष रहेका छन्।

आयोजनाको जीविकोपार्जन पुनर्स्थापना योजनाअनुरूप प्रभावित परिवारलाई सीप विकास, आयआर्जनका अवसर विस्तार, वित्तीय साक्षरता तथा उद्यमशीलता मार्फत आर्थिक आत्मनिर्भर बनाउन कार्यक्रमहरु सञ्चालन भइरहेको आयोजनाले जनाएको छ ।

तथा भीमाद नगरपालिका र म्याग्दे तथा ऋषिङ गाउँपालिकाका आयोजना प्रभावित घरपरिवारका २३ जना सदस्यलाई चारदिने तालिम प्रदान गरिएको हो। भदौ ३१ गतेदेखि असोज ३ गतेसम्म सञ्चालन भएको तालिममा ११ महिला र १२ पुरूष सहभागी थिए।

भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, तनहुँसँगको सहकार्यमा सञ्चालित तालिममा कार्यालयका विज्ञहरूले तीन दिन व्यावसायिक बंगुरपालन र एक दिन वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षण दिएका थिए। सहभागीलाई व्यावसायिक बंगुरपालन सुरू गर्न

# सम्पादकीय ............

www.bhanjyangnews.com

## स्वास्थ्य सेवा प्रभावकारी बनाउने अभियान

स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार हो । तर स्वास्थ्य संस्था नजिकै भएर पनि त्यहाँसम्म पुग्ने सहज माध्यम नहुँदा धेरै नागरिक उपचारको अवसरबाट वञ्चित भइरहेका हुन्छन् । विशेषगरी ग्रामीण तथा भौगोलिक रूपमा विकट क्षेत्रमा बिरामीका लागि अस्पतालसम्म पुग्नु नै ठूलो चुनौती बन्ने गरेको छ । यस्तो अवस्थामा तनहुँको बन्दीपुर अस्पतालले सुरू गरेको सहुलियतपूर्ण विद्युतीय माइक्रो सेवा केवल यातायातको सुविधा होइन, स्वास्थ्य सेवाको पहुँच विस्तारतर्फको महत्वपूर्ण कदम हो । बन्दीपुर गाउँपालिकाको पुरानो सदरमुकाममा रहेको बन्दीपुर अस्पतालले संविधान दिवसको अवसर पारेर विद्युतीय माइक्रो सेवा सञ्चालनमा ल्याएको छ । अस्पतालसम्म आउन कठिन हुने बिरामीलाई लक्षित गरी सुरू गरिएको यो सेवाअन्तर्गत ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिले निःशुल्क यात्रा गर्न पाउनेछन् । अन्य बिरामीले पनि निर्धारित भाडामा ५० प्रतिशत छुट पाउने व्यवस्था गरिएको छ । आर्थिक रूपमा कमजोर परिवारका लागि यस्तो सुविधा उपचारमा पहुँच बढाउने महत्वपूर्ण माध्यम बन्न सक्छ । हामीकहाँ स्वास्थ्य सेवाबारे चर्चा गर्दा प्रायः अस्पतालको भवन, चिकित्सक, उपकरण र औषधिको उपलब्धतालाई प्राथमिकता दिइन्छ । यी सबै आवश्यक विषय हुन् । तर बिरामी अस्पतालसम्म कसरी पुग्छ भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण छ । गाउँमा सडक भए पनि नियमित सार्वजनिक यातायात नहुनु, निजी सवारी महँगो पर्नु, बिरामीलाई लामो दूरीसम्म बोकेर लैजानुपर्ने अवस्था आउनुजस्ता समस्या अझै ग्रामीण क्षेत्रमा विद्यमान छन् । यस्तो अवस्थामा अस्पतालले नै सहुलियतपूर्ण यातायातको व्यवस्था गर्नु व्यवहारिक र नागरिकमुखी पहल हो ।

बन्दीपुर अस्पतालले पछिल्लो समय सेवा विस्तारमा देखाएको सक्रियता पनि सकारात्मक पक्ष हो । साते दिन बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म विस्तारित ओपिडी सञ्चालन हुनु दैनिक काम गर्ने नागरिकका लागि उपयोगी बनेको देखिन्छ । दैनिक ज्यालादारी मजदुर, शिक्षक, कर्मचारी र विद्यार्थीले नियमित कार्यालय तथा अध्ययनको समय नछाडीकन स्वास्थ्य सेवा लिन पाउने अवस्था सिर्जना हुनु सामान्य देखिए पनि यसको सामाजिक महत्व ठूलो छ । गत आर्थिक वर्षमा बन्दीपुर अस्पतालको ओपिडीबाट २३ हजार ९८० जनाले सेवा लिनु र त्यसमध्ये ११ हजार ८०९ जनाले नियमित समयबाहेकको अतिरिक्त समयमा उपचार सेवा लिनुले पनि विस्तारित सेवाको आवश्यकता देखाउँछ। स्वास्थ्य संस्था नागरिकको जीवनशैली र आवश्यकताअनुसार खुल्न सक्नुपर्छ भन्ने यसबाट स्पष्ट हुन्छ । अस्पतालको समय बिरामीको सुविधाअनुकूल बनाउन सकिए उपचारका लागि काम वा पढाइ छाड्नुपर्ने बाध्यता कम हुन्छ । अस्पतालले परीक्षण सेवामा समेत विस्तार थालेको छ । बन्दीपुरमै थाइराइड, भिटामिन-डी र भिटामिन बी-१२ परीक्षण सुरू हुनु स्थानीय नागरिकका लागि महत्वपूर्ण सुविधा हो । यसअघि सामान्य परीक्षणका लागि समेत अन्यत्र जानुपर्ने बाध्यता थियो भने यस्ता सेवा स्थानीयस्तरमै उपलब्ध हुँदा समय र खर्च दुवै बचत हुन्छ । आकस्मिक उपचारका लागि डिफिब्रिलेटरको व्यवस्था तथा रेबिजविरूद्धको खोप नियमित उपलब्ध गराउने प्रयास पनि आवश्यकतामा आधारित सेवा विस्तारका उदाहरण हुन् ।

चालु आर्थिक वर्षभित्र फिजियोथेरापी, पोस्टमार्टम, डायलायसिस, अपरेसन थिएटर, ब्लड बैंक, थ्री-डी भिडियो एक्सरे तथा क्याबिनसहितको भर्ना सेवा सञ्चालन गर्ने योजना अघि सारिएको छ । यी सेवा सञ्चालनमा आएमा बन्दीपुर र आसपासका नागरिकले सामान्यदेखि विशिष्टीकृत उपचारका लागि अन्यत्र धाउनुपर्ने अवस्था केही हदसम्म कम हुन सक्छ। तर प्रत्येक सेवा सञ्चालनअघि आवश्यक जनशक्ति, उपकरण, सुरक्षा मापदण्ड र आर्थिक स्रोतको दीर्घकालीन सुनिश्चितता गर्नुपर्छ । अस्पतालको विकास केवल अस्पताल प्रशासनको जिम्मेवारी होइन । स्थानीय सरकार, प्रदेश सरकार, स्वास्थ्य संस्था, निजी क्षेत्र, दाता र समुदायबीचको सहकार्यबाट मात्रै स्थानीय अस्पताललाई दिगो र भरपर्दो बनाउन सकिन्छ। बन्दीपुर अस्पतालमा यातायातदेखि उपचारसम्म सेवा विस्तार गर्ने प्रयासले यही सहकार्यको आवश्यकता पनि देखाएको छ। अझ महत्वपूर्ण कुरा, अस्पतालको सेवा विस्तारसँगै यसको उपयोगबारे समुदायमा जानकारी पुऱ्याउन आवश्यक छ । बन्दीपुर अस्पतालको सहुलियतपूर्ण इभी माइक्रो सेवा एउटा सुरूवात हो । यसको सफलता बिरामीको वास्तविक पहुँच, नियमितता र सेवाको प्रभावकारिताबाट मापन हुनेछ। सेवा आवश्यक ठाउँमा समयमै पुग्न सके मात्र यसको उद्देश्य पूरा हुन्छ। त्यसैले यातायात सेवा नियमित र भरपर्दो बनाउँदै ग्रामीण बस्तीलाई अस्पतालसँग जोड्ने मार्ग विस्तार गर्नुपर्छ ।

स्वास्थ्य सेवा भनेको अस्पतालको ढोकाभित्र मात्र सीमित विषय होइन । बिरामीलाई घरबाट अस्पतालसम्म पुऱ्याउने सहज व्यवस्था, समयअनुकूल सेवा, आवश्यक परीक्षण, दक्ष जनशक्ति र उपचारपछि आवश्यक परामर्शसम्मको समग्र व्यवस्था नै प्रभावकारी स्वास्थ्य सेवा हो । बन्दीपुर अस्पतालले सुरू गरेको पहल यही व्यापक सोचतर्फको कदम बन्न सकेमा यसको लाभ बन्दीपुरका नागरिकमा मात्र सीमित रहने छैन, आसपासका ग्रामीण क्षेत्रका नागरिकले पनि प्रत्यक्ष लाभ लिन सक्नेछन् । अस्पताल बनाउनु पहिलो आवश्यकता हो, तर अस्पतालसम्म पुग्ने बाटो सहज बनाउनु पनि उत्तिकै महत्वपूर्ण छ । बन्दीपुरले सुरू गरेको सहुलियतपूर्ण यातायात सेवा यही सन्देशको व्यवहारिक उदाहरण हो । अब यसलाई नियमित, व्यवस्थित र दिगो बनाउँदै अस्पतालका विस्तारित सेवाको गुणस्तर कायम गर्नु आवश्यक छ ।

# नारेश्वरताल जलाशय योजना निर्माणमा एक प्राबिधिकको अनुभव

### इन्जिनियरहरूको प्राविधिक साहस, संघर्ष र पहिलो गौरवशाली जलाशयको सफल गाथा

गण्डकी प्रदेश सरकारको पहिलो जलाशय योजना निर्माण कार्य र परीक्षण सफलता पुर्बक सम्पन्न भएको छ। गण्डकी प्रदेश सरकार उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गतको जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय तनहुँले उक्त निर्माण कार्य सम्पन्न गरेको हो । आफ्नो कार्य क्षेत्रमा पर्ने कार्यहरूलाई सम्पन्न गर्ने आयोजनालाई दुई चरणमा बिभाजन गरिएको थियो । पहिलो चरण अन्तर्गत ब्यास-१०, दुम्सिचौरमा जलाशय निर्माणका लागि पक्कि बाध निर्माण गरी जलाशय तयार गर्ने र दोस्रो चरणमा जलाशयमा संकलित पानीलाई विधुतीय लिफ्ट प्रविधिको प्रयोग गरि दुम्शिचौरमा रहेको सुक्खा करिब १५ हेक्टर जमिनमा बाह्रैमास सिंचाई सुबिधा पुर्याउन अवास्यक संरचना निर्माण सम्पन्न गर्ने रहेको थियो।




तत्कालिन डिभिजन प्रमुख सि.डि.इ. हरिदत्त पौडेलको शब्द सापटी लिएर उल्लेख गर्दा यस योजनाको बिजारोपण यसरी सुरूवात भएको बताउनुहुन्छ :

"प्रकाश थापा मगर तनहुँको दुम्सिचौरको सुख्खा, खरवारी जस्तो तर समथर जग्गा १० वर्षको लागि भाडामा लिएर वार्षिक १ करोड दाना गोलभेंडा उत्पादन गरेर १ करोड नै आम्दानी गर्ने सोच र तयारीकासाथ एक कृषि फर्म खोलेर महान कार्यमा लागेका थिए। उनको पृष्ठभूमि- पोखराको एक ब्रिटिश लाहुरेको छोरा, सन् २००९ को तेक्वान्डो विश्व चायाम्पीयन पदक, सन् २००८ को एसियाडमा नेपाललाई तेक्वान्दोमै रजत पदक, राष्ट्रिय खेलकुद परिषदका प्रशिक्षक, ४९ देश घुमेको अनुभव र अमेरिकाको भिषा सबै बिर्सेर यहाँ बसेका थिए । उनी आफै पसिना काढेर दिन रात हस्यांग फस्यांग गर्दै १५-२० जना कामदारको साथमा माटोसंग जुधिरहेका हुन्थे । तर त्यहाँ पानीको दिगो स्रोत थिएन ।

यति धेरै राष्ट्रिय परिचय बनाएको एक सम्मानित युवाको यस प्रकारको कृषि उद्यमशीलताको नयाँ खालको खुव चर्चा सुनेर तत्कालीन कृषि विकास अधिकृत चेतनाथ अधिकारी, स्थानीय विकास अधिकारी अन्जन न्यौपाने, महिला विकास अधिकारी रमा पौडेल, पत्रकार उज्ज्वल पौडेल सहित हामीहरु पटक पटक उनको फर्म हेर्न दुम्सिचौर गयौ । उनको व्यापक लगानी सहितको अभियान देखेर हाम्रो मन छोयो । पानीको मूल भाडामा लिएर पम्पले पानी तानेर सिंचाई गर्दै थिए । पानीको मुलको भाडा ७ बाट १४ र त्यसपछि २१ हजार हुँदै बढ्दै गयो ।

सिंचाइको जिम्मा स्वाभाविक रूपमा सिंचाई डिभिजनमा आईहाल्यो । स्थानीय वडा अध्यक्ष तुलसीराम सापकोटा, स्थानीय शिक्षक प्रेम बहादुर दरै, समाजसेवी विष्णु बहादुर थापा लगायतका स्थानीयहरु सहित हामीले दुम्सीचौरको ९० हेक्टर समथर जग्गामा सिंचाइका लागि उपयुक्त पानीको स्रोतको बिभिन्न विकल्पका बारेमा छलफल थाल्यौ । यत्तिकैमा मेरो आँखा नारेश्वर खोल्सामा पर्यो। मैले २०६८ सालमा गुल्मीमा जम्मा ५ मिटर गहिराईको जलाशय बनाएपछि अर्को एउटा जलाशय बनाउने अवसर पनि देखे । यसको धेरै प्राबिधिक विकल्प मध्येबाट करिब ११ मिटर अग्लो Concrete Gravity Dam र त्यसको प्रारम्भिक डिजाइन, नक्शा र लागत अनुमान कार्यालयले तयार पारेपछि अवकाश प्राप्त सि.डि.ई. वशन्त पौडेलले त्यसको additional escape लाई DI pipe wash out ले replace गर्न सुझाव दिनुभयो, जुन कार्यालयको टिमलाई चित्त बुझ्यो । त्यतिबेलै, ३ पटकसम्म परेको असिनापानीबाट टमाटरको टनेलको सारा ट्रस भाचिएर भएको लाखौको क्षतिबाट र पानीको समस्याले हार नखाईकन प्रकाश जी त्यसपछि नजिककैको मुलपानीमा करिब १०० रोपनी जति जग्गा भाडामा लिएर पुनः आधुनिक रूपले तरकारी खेती गर्न अघि बढे । तर आफैले संचालन गरेको सहकारी र कृषि फाराम दुबैले आर्थिक समस्या भोगेर सफल हुन नसकेपछि करिव ६/७ वर्षदेखि प्रकाश जी बेखवर रहेका छन् । कसैले भन्छन्- लेबनानमा छन्, कसैले भन्छन्- जापानमा छन् तर आफ्नै व्यवसायिक खेतीमै छन् रे !"

"२०७५/०७६ सालतिर प्रदेशका उद्योग, वन तथा पर्यटन मन्त्री मा. विकास लम्सालबाट यस जलाशयको शिलान्यास पनि भयो । जग्गा व्यवस्थापन र Beautification को सम्पूर्ण काम र खर्च स्थानीय व्यास नगर पालिकाबाट गर्ने र बाध निर्माण तथा सिंचाई प्रणालीको विकास प्रदेश सरकारको डिभिजन कार्यालयले गर्ने सहमति भयो । स्थानीय निकायको ब्यास नगरपालिकाको मेयर वैकुण्ठ न्यौपानेले यसमा निरन्तर अग्रसरता लिनुभयो र हालसम्म केही पर्खाल, तालको जमिन खरिद घेरबार, तालको केही माटो फाल्ने र foot-trail को ट्राक खोल्ने कार्य ब्यास नगरपालिकाबाट भयो । सिंचाइ डिभिजन र नगर पालिकाका ई/कर्मचारी साथीहरु पनि धेरै खट्नुभयो । स्थानीय जनप्रतिनी र रा.यो.आ. का पूर्व उपाध्यक्ष डा. जगदिस चन्द्र पोखरेलले पनि सधै चासो राखेर हामीलाई झक्झक्याईरहनु भयो ।

तर अहिले दुम्सीचौरमा जलाशय सहितको लिफ्ट सिंचाई आयोजना जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, तनहुँले निर्माण गरिसकेको छ र स्थानीय रूपमा यसको व्यापक चर्चा शुरु भएको छ । तालको अनालोकनका लागि सयौ मानिसहरू जाने गरेको देखिन्छ। तर त्यहाँ प्रकाश जी देखिएका छैनन् । यदि उनी त्यहिको कृषि फारममा रहिरहन सकेको भए अहिले दुम्सिचौरका सारा बासिन्दाहरूले उनीबाट नवीनतम् कृषि प्रबिधि सिकेर व्यापक कृषि अभियान स्थापित भईसकेको हुने थियो । प्रकाशजीको अनुपस्थितिमा गोपाल योन्जन, कर्म योन्जन र दिलमाया खातीको गीतले भने झैं भयो !

*पातले ढाक्यो पिपलुलाई, छायाँमा बस्ने आएन ।*
*वादल बिलाई फेरि झर्यो, भिजेर हिड्ने आएन ॥"*

**नारेश्रवरताल जलाशय लिफ्ट सिंचाई योजना:** गण्डकी प्रदेश सरकारले आफ्नो बजेट र प्राबिधिकबाट निर्माण गर्न खोजेको पहिलो जलाशययुक्त बहुउद्देश्यीय परियोजना हो। जसको पहिलो चरण अन्तर्गत दुम्सिचौरमा बाँध बाधी जलाशय निर्माण गरी पानी संकलन गर्ने

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको सुरूवात गर्ने अवसर छ। काममा उत्साह बढ्नेछ। आर्थिक पक्षमा सामान्य सुधार आउनेछ।

**वृष**
रोजगारीमा नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। आर्थिक कारोबार गर्दा सावधानी अपनाउनु राम्रो हुनेछ।

**मिथुन**
नयाँ व्यक्तिसँगको भेटघाट उपयोगी बन्न सक्छ। अध्ययन तथा अनुसन्धानमा सफलता मिल्नेछ।

**कर्कट**
पारिवारिक विषयले केही समय व्यस्त बनाउनेछ। मेहनतअनुसार कामको परिणाम प्राप्त हुनेछ।

**सिंह**
नयाँ जिम्मेवारी आउन सक्छ। स्वास्थ्य सामान्य रहनेछ। महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नुहोला।

**कन्य**
जागिर तथा व्यवसायमा सकारात्मक वातावरण बन्नेछ। आर्थिक कारोबारमा लाभ हुन सक्छ।

**तुला**
नयाँ सम्पर्क र सहकार्यबाट फाइदा लिन सकिनेछ। काममा व्यस्तता बढे पनि परिणाम उत्साहजनक छ।

**वृश्चिक**
चुनौतीपूर्ण काम पूरा गर्ने अवसर मिल्नेछ। आर्थिक क्षेत्रमा सामान्य लाभ मिल्न सक्छ।

**धनु**
नयाँ योजनाका लागि दिन अनुकूल छ। काममा उत्साह बढ्नेछ र सहयोगी व्यक्तिको साथ पाइनेछ।

**मकर**
जिम्मेवारी बढे पनि काम सफलतापूर्वक सम्पन्न गर्न सकिनेछ। आर्थिक पक्षमा सुधार आउने संकेत छ।

**कुम्भ**
नयाँ विचारले काममा सकारात्मक परिवर्तन ल्याउन सक्छ। व्यावसायिक सम्पर्क विस्तार हुनेछ।

**मीन**
आर्थिक निर्णय सोचविचार गरेर लिनु उपयुक्त हुनेछ। स्वास्थ्यमा सामान्य सुधार रहनेछ।

# नारेश्वरताल जलाशय योजना ........

कार्यका लागि ठेक्का मार्फत जि.एस. इन्जिनियरिंग एण्ड बिल्डर्स, पोखरा-५, कास्कीसंग रू १,९४,११,८६८.३६ (भ्याट सहित) रकममा सम्झौता भै निर्माण सम्पन्न गरी करिव ३०,००० घन मिटर पानी संकलन भएको छ ।

दोस्रो चरण अन्तर्गत जलाशयमा संकलन भएको पानी बिजुलीको माध्यमबाट लिफ्ट गरी दुम्सिचौरमा रहेको करिब १५ हेक्टर जमिनमा सिंचाई सुबिधा पुर्‍याउने कार्यका लागि करिब रू. ७० लाख लागतमा करिब १,८६,००० लिटर पानी संचय गर्ने आरसिसि टंकी, बिधुतीकरण, २ लिटर प्रतिसेकण्ड क्षमताको लिफ्ट प्रणाली एवं मिटर जडान, मूल लाइन सहित ३ वटा शाखा प्रणालीको बिकास उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय तनहुँका प्राबिधिक टिमले अहोरात्र खटिई उक्त निर्माण कार्य सम्पन्न गरेका छन् ।

उपभोक्ता संस्थाका पदाधिकारी र कृषकहरूको माग बमोजिम अन्य भूभागमा समेत सिंचाई सुबिधा विस्तार गर्ने, कृषक क्षमता बृद्धि, सिंचाई सेवा शुल्क संकलन, मर्मत सम्भार कोष गठन, कृषि कार्यक्रममा ग्रामीण पर्यटकीयको पाटो जोडदै स्थानीय उत्पादनबाट रोजगार र विकास गर्ने लक्ष्य योजनाले राखेको छ ।

**१. योजनाको प्राबिधिक विवरण यस प्रकार छ :**

*१. बाँधको लम्बाइ= माथिल्लो भागमा २६ मिटर र तल्लो भागमा ५.० मिटर*
*२. बाँधको उचाइ= आधारबाट ११.५ मिटर*
*३. जलाशयमा पानीको गहिराइ= ५.५ मिटरदेखि ११.५ मिटर*
*४. पूर्ण जलाशय सतह (FSL)मा तालको क्षेत्रफल= १.४ हेक्टर*
*५. स्पिलवे सतहमा जलाशयको पानीको आयतन= ३०,००० घन मिटर ($m^3$)*
*६. अधिकतम बाढी सतह (HFL) = बाँधको माथिल्लो भाग (Crest level) भन्दा १.२ मिटर माथि*
*७. स्लुइस पाइपको निकास क्षमता= ८ घण्टामा जलाशय खाली गर्न सक्ने*
*८. सवारी आवागमन मार्गको लम्बाइ र चौडाइ= २६ मिटर र ३ मिटर*
*९. सिँचाइका लागि पानी उचाल्ने उचाइ (Lift height) = ३५ मिटर*
*१०. अप्रिल महिनामा जलाशयमा आउने पानीको बहाव= ३.५ लिटर/सेकेन्ड*

२०७५/७६ सालतिर प्रदेशका उद्योग, वन तथा पर्यटन मन्त्री मा. विकास लम्सालबाट यस जलाशयको शिलान्यास पनि भयो। तर आवश्यक पूर्व तयारी र अध्ययन पुरा नगरी ठेक्का सम्झौता भएको यस आयोजनाको भौतिक रूपमा काम भने करिब २ बर्षसम्म अगाडी बढ्न सकेन । यसका कारणहरू मध्ये पहिलो तत्कालिन समयमा डिभिजन कार्यालयमा यस प्रकारको संरचना निर्माण गरेका प्राविधिकको कमि हुनु र विज्ञ परामर्शदाता समेत चयन नगरिनु र निर्माण व्यवसायी समेत यस प्रकारको काममा नयाँ वा अनुभब नभएको पर्नु हुन् भने दोस्रो, ठेक्का प्राबधानमा केही अध्ययन जस्तो Soil Test, Concrete Mix Design, Foundation and other treatmanent if any, Design review and alternation in construction, Seepage analysis, etc काम सम्झौताका प्राबधानमा राखियो यसरी हेर्दा यो ठेक्का employerÚs design or design built mixed type हुन जाँदा कार्यालय र निर्माण व्यवसायी बीच निर्माण कार्यको अन्योल रहयो । जसका कारण निर्माण कार्य संचालन गर्ने जिम्मेवारी बहन गरेको सि.डि.ई. मोहन राज आचार्यको टिमले विज्ञ परामर्श दाता समेतको सहयोगमा संरचनमा र ठेक्का परिमार्जन सहित निर्माण कार्य आगाडी बढाउनु परेको थियो। तेस्रो कारण उलेखित प्राबिधिक कठिनाईलाई सामना गरी उचित दिशानिर्देश गर्न अवास्यकता पर्ने प्रयोगशाला डिभिजन कार्यालयमा नहुदा र निर्माण व्यवसायीले समेत स्थापना गर्न नसक्दा नीजि प्रयोगशालामा भर पर्नु पर्दा समेत ढिलो हुन पुग्यो । यति हुँदा हुँदै पनि यस प्रकारको बाध निर्माणमा केही चुनौती हरू थिए जसलाई यस प्रकार समाधान गरिएको थियो।

**नारेश्वरताल जलाशयमा कंक्रिट ग्राभिटी बाँध निर्माणका चुनौती तथा समाधान**

**१. भौगोलिक तथा फाउन्डेसन सम्बन्धी समस्याः** बाँध निर्माणस्थलमा कमजोर सतह, चट्टानमा दरार, पानी चुहावट तथा फाउन्डेसनको भार वहन क्षमतासम्बन्धी जोखिम हुन सक्ने अवस्था चुनौतीका स्र्पमा रहेको थियो।

**समाधानः** निर्माणपूर्व स्थल तथा फाउन्डेसनको अवस्था परीक्षण गरी कमजोर तथा खुकुलो सामग्री हटाउने, आवश्यक स्थानमा चट्टान सतह सफा तथा तयार गर्ने, उपयुक्त कंक्रिट सम्पर्क कायम गर्ने र आवश्यक ग्राउटिङ/चुहावट नियन्त्रणका उपाय अपनाई फाउन्डेसनलाई बाँधको भार वहन गर्न सक्ने अवस्थामा तयार गरिएको।

**२. बाँधको स्थायित्व तथा सुरक्षा :** कंक्रिट ग्राभिटी बाँधमा पानीको दाबका कारण Sliding, Overturning तथा अन्य संरचनात्मक जोखिम उत्पन्न हुन सक्ने भएकाले सुरक्षित डिजाइन तथा निर्माण चुनौतीपूर्ण थियो ।

**समाधानः** बाँधको ज्यामिति, पानीको दाब, आफ्नै तौल तथा अन्य लागू हुने भारलाई आधार मानी Sliding, Overturning र आवश्यक संरचनात्मक स्थायित्व परीक्षण गरी डिजाइन अनुसार निर्माण तथा गुणस्तर नियन्त्रण गरिएको । खास गरी बाधको hu Anti-Slope र punching Effect (ठेडो घुसाए जेस्तो) आकारमा डिजाइन गरिएको थियो।

**३. निर्माण अवधिमा पानी व्यवस्थापनः** नारेश्वर खोला, मूल तथा जरूवाबाट आउने पानीलाई व्यवस्थापन गरी बाँध निर्माण क्षेत्र सुरक्षित राख्नु चुनौतीपूर्ण थियो । परियोजनामा स्थानीय खोला, मूल तथा जरूवाको पानी संकलन गरी ताल निर्माण गर्ने योजना रहेको उल्लेख छ ।

**समाधानः** निर्माण चरणमा पानीको बहावलाई आवश्यकतानुसार नियन्त्रण/डाइभर्ट गरी निर्माणस्थललाई सुरक्षित अवस्थामा राख्ने तथा बाँध निर्माणपछि पानीलाई नियन्त्रित स्र्पमा जलाशयमा संकलन गर्ने व्यवस्था मिलाइएको जसका लागि Foundation Level मा Dewatering Motor-Pump को सहयोगमा, बाधको जग भन्दा माथि utility समेत पठाउन मिल्ने DI Sluice Pipe (Permanent) बाधको जग भन्दा माथि Bed Level मा र सो भन्दा बढी उचाइको पानीको लागि HDEP Pipe Conduict (Temporary) बाट गरिएको थियो ।

**४. कंक्रिटमा Hydration Heat तथा Thermal Cracking को जोखिम :** बाँधमा ठूलो मात्रामा कंक्रिट प्रयोग हुँदा Hydration Heat उत्पन्न भई तापीय तनाव तथा चिरा पर्न सक्ने जोखिम थियो ।

**समाधानः** कंक्रिट ढलानको चरणबद्ध व्यवस्थापन अन्तर्गत एक तहको ढलानदेखि अर्कोसम्म समय कम्तिमा ७२ घन्टाको फरक पारिएको, ढलान तयार गर्दा चिसो पानीको प्रयोग गरिएको, OPC सट्टा PPC-Slow Setting मा उपयुक्त मिश्रण डिजाइन, ढलानको समय तापक्रम निगरानी, जाडो मौसम र रातीको समयमा ढलान गर्ने तथा उचित Curing विधि अपनाई तापक्रमजन्य चिराको जोखिम नियन्त्रण गरिएको।

**५. कंक्रिटको गुणस्तर तथा तहगत निर्माण :** कंक्रिटको Mixing, Batching, Transportation, Placement, Compaction र Curing मा सामान्य कमजोरी भएमा बाँधको गुणस्तर प्रभावित हुन सक्ने चुनौती थियो ।

**समाधानः** स्वीकृत Mix Design अनुसार कंक्रिट तयार गर्ने, प्रत्येक तहमा उचित Compaction गर्ने, ढलानको क्रममा गुणस्तर परीक्षण गर्ने र आवश्यक Curing अवधि कायम गरी कंक्रिटको निर्धारित शक्ति प्राप्त हुने सुनिश्चित गरिएको जसका लागि Plant Production Concrete मात्र प्रयोग गर्ने हेतुले दमौलीमा उपलब्ध तिन वटा Ready-Mixed Concrete Plant को तुलनात्मक अध्ययन (Plant, Truck, Pump. Vibrator, Manpower, Tools, Lead Time, Success histry completed Projects), कम्पनिबाट सिधै सिमेन्ट ल्याउने र प्ररिक्षण गरे पछि मात्र प्रयोग गर्ने, Segreegation लाई निषेध गर्न Chute को वैज्ञानिक तबरले निर्माण (Slope & Length), चिसो र सफा पानीबाट Dam Concrete Curing गर्ने व्यवस्था मिलाइएको थियो ।

**६. Construction Joint तथा सतह तयारी :** विभिन्न चरणमा कंक्रिट ढलान गर्दा पुरानो र नयाँ कंक्रिटबीच पर्याप्त बन्धन कायम गर्नु महत्वपूर्ण थियो ।

**समाधानः** Inintial Setting Time व्यतित भएपछि प्रत्येक तहको Joint Surface स्टिल ब्रस र पानीको जेटले सफा गर्ने, कमजोर/ढिलो कंक्रिट हटाउने, आवश्यक Roughening तथा Surface Preparation गर्ने र त्यसपछि मात्र नयाँ कंक्रिट ढलान गर्ने व्यवस्था अपनाइएको । Alternative position मा Concrete Key (०.५mx०.५mx०.६m) बनाई ढलान फरक फरक उचाई गर्दै लैजाने व्यवस्था अपनाइएको।

**७. पानी चुहावट तथा जलाशय संरक्षण :** जलाशयमा जम्मा भएको पानी बाँधको शरीर वा Wetted Perimeter बाट चुहिन गएमा जलस्रोतको क्षति तथा बाँधको दीर्घकालीन सुरक्षामा असर पर्न सक्ने चुनौती थियो ।

**समाधानः** बाँध-फाउन्डेसन सम्पर्क, Joint तथा सम्भावित Seepage Zone लाई विशेष ध्यान दिई आवश्यक Waterproofing/Seepage Control उपाय अपनाउने तथा सञ्चालनपछि चुहावटको नियमित निरीक्षण गर्ने व्यवस्था गरिएको।

**८. गाद तथा Debris नियन्त्रणः** वर्षायाममा आउने माटो, ढुंगा, गाद तथा अन्य बहावजन्य पदार्थ जलाशयमा प्रवेश गर्दा Storage Capacity घट्ने जोखिम थियो ।

**समाधानः** जलाधार क्षेत्रबाट आउने Sediment तथा Debris नियन्त्रण गर्न Gabion Box को Check Dam हरेक Inflow को US side मा निर्माण गरिएको, निर्माण को क्रममा निस्केको माटो ताल बाहिर लागि बेवस्थापन गरिएको र केही नगरपालिकाबाट गर्ने तयारी रहेको, आवश्यक निकास, संरक्षण तथा सफाइका उपाय अपनाउने र जलाशयमा जम्मा हुने गादको नियमित अनुगमन/व्यवस्थापन गर्ने व्यवस्था गरिएको ।

**९. जलाशयको क्षमता तथा पानीको उचित व्यवस्थापन :** जलाशयको सीमित क्षमतालाई सिँचाइ, मत्स्य पालन, डुंगा संचालन, पौडी, आगलागी नियन्त्रण, घरयासी उपयोग र पर्यटन/मनोरञ्जन जस्ता बहुउद्देश्यीय प्रयोगबीच सन्तुलनमा राख्नु चुनौतीपूर्ण थियो । उपलब्ध विवरणअनुसार जलाशयको क्षमता करिब २५,०००-३०,००० घनमिटरको लक्ष्य राखिएको छ ।

**समाधानः** जलाशयको उपलब्ध पानीलाई प्राथमिकताका आधारमा व्यवस्थापन गर्दै सिँचाइका लागि पानी वितरण र मनोरञ्जनात्मक उपयोगबीच समन्वय गर्ने तथा आवश्यक Water Level कायम गर्ने, थप गहिराईका लागि ताल क्षेत्रको माटो फाल्ने (Dreagging) व्यवस्था गरिएको हालको न्यूनतम श्रोत ३.५ लि.प्र. से.लाई सन्तुलित बाडफाडबाट सबै आवस्यकता पुग्ने गरी प्रणालीको विकास गरिएको ।

**१०. बाढी तथा आकस्मिक पानी निकास व्यवस्थापन :** अत्यधिक वर्षाका समयमा जलाशयमा आउने पानी सुरक्षित स्र्पमा निकास गर्न नसकिएमा बाँध तथा तल्लो तटीय क्षेत्रमा जोखिम हुन सक्ने चुनौती थियो ।

**समाधानः** सुरक्षित Spill/Overflow तथा निकास व्यवस्थाको डिजाइन अनुसार निर्माण गरी अत्यधिक पानीलाई सुरक्षित स्र्पमा तलतर्फ पठाउने कार्यका लागि Ogee Type Auto Sillway with cascate drops, ३०० mm diameter DI Pipe with Sluice Valve, DI Pipe (utility Purpose) र सम्भावित Inundation Area पहिचान गरी जोखिम न्यूनीकरण गर्ने व्यवस्था गरिएको।

**११. निर्माण लागत, समय तथा स्रोत व्यवस्थापन :** कंक्रिट, सिमेन्ट, Aggregate, निर्माण उपकरण तथा दक्ष जनशक्तिको निरन्तर व्यवस्थापन गर्दै तोकिएको लागत र समयभित्र काम सम्पन्न गर्नु चुनौतीपूर्ण थियो।

**समाधानः** निर्माण कार्यलाई चरणबद्ध स्र्पमा सञ्चालन गर्ने, सामग्री तथा उपकरणको पूर्वयोजना गर्ने, आवश्यक जनशक्ति परिचालन गर्ने र निर्माणको नियमित अनुगमन तथा प्रगति समीक्षा गर्ने व्यवस्था अपनाइएको ।

**१२. बहुउद्देश्यीय उपयोग तथा दीर्घकालीन सञ्चालन :** नारेश्वरताललाई केवल पानी सञ्चय गर्ने संरचनामा सीमित नराखी सिँचाइ, कृषि, मत्स्यपालन, मनोरञ्जन, पर्यटन तथा वातावरणीय संरक्षणमा उपयोग गर्नु परियोजनाको अर्को चुनौती थियो। परियोजनाको उद्देश्यमा कृषि, पर्यटन र वातावरणीय लाभलाई जोडिएको देखिन्छ ।

**समाधानः** तालमा सञ्चित पानीलाई स्थानीय कृषिका लागि सिँचाइमा उपयोग गर्ने तथा डुङ्गा सयर, पिकनिक, बर्ड वाचिङ्ग, जलचरको संरक्षण, आगलागी नियन्त्रणमा पानीको प्रयोग, होमस्टे, दरै समुदायको सस्कृति र रहनसहनको प्रबर्द्धन अन्य पर्यटन पूर्वाधार विकाससँग जोड्ने अवधारणा अघि बढाइएको छ । उलेखित प्रयोगको लागि आवस्यक कार्य गर्न ब्यास नगरपालिकाले आफ्नो गौरबको आयोजनाको रूपमा राखी स्रोत, साधन र जनशक्तिको व्यवस्था गर्ने सहमति जनाएको छ ।

नेपालको संबिधानले परिकल्पना गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहको सहकार्य, समन्वय र सहकारितामा सफलता पुर्वक योजनाहरू संचालन हुनसके बहु-आयामिक फाइदा र दिगो व्यवस्थापन हुन् सक्छ भन्ने उदारणीय योजना नारेश्वरताल जलाशय लिफ्ट सिचाई योजना बन्न सक्ने छ। संघ सरकारले जग्गा अधिकरण, मुआब्जा निधारण तथा वितरणमा; प्रदेश सरकारले बाध लगायत सिचाई, पर्यटन पूर्बाधार निर्माण गर्ने र स्थानीय निकायबाट निर्मित संरचनको यथोचित मर्मत सम्भार एवं संचालन कला, संस्कृतिको प्रवर्धन, साना उद्योग, ग्रामीण पर्यटन- होम स्टे, होटेल, रेस्टुरेन्ट, मत्स्य पालन, व्यवसायिक कृषि उत्पादन, पौडी, डुंगा संचालन लगायतका क्रियाकलापहरू निश्चित कार्यविधिको निर्माण गरी गर्न सकिने रैछ भन्ने नमुनाको रूपमा यो योजना रहने छ ।

**निष्कर्ष**

समग्रमा, गण्डकी प्रदेश सरकारले परीक्षणको रूपमा निर्माण गर्न खोजेको पहिलो जलाशययुक्त परियोजनाको रूपमा नारेश्वरताल कंक्रिट ग्राभिटी बाँध निर्माणका क्रममा फाउन्डेसनको स्थायित्व, पानीको व्यवस्थापन, कंक्रिटको तापक्रम तथा गुणस्तर नियन्त्रण, Joint tyf Curing, Seepage नियन्त्रण, Sediment व्यवस्थापन, बाढी निकास तथा जलाशयको बहुउद्देश्यीय सञ्चालन प्रमुख चुनौतीका स्र्पमा रहेका थिए । यी चुनौतीलाई प्राविधिक डिजाइन, चरणबद्ध निर्माण, गुणस्तर नियन्त्रण, पानी तथा वातावरण व्यवस्थापन र नियमित अनुगमन मार्फत सम्बोधन गर्दै बाँध तथा जलाशयलाई सिँचाइ, पर्यटन र वातावरणीय संरक्षणसँग जोडिएको बहुउद्देश्यीय संरचनाका स्र्पमा विकास गरिएको छ ।

यसको भरपुर उपयोगबाट यस क्षेत्रका आम-जनताको जीवनस्तरमा वृद्धि हुनुका साथै बहु-आयामिक फाइदा हुन जानेछ । यस प्रकारका योजनाको सफल सिकाइबाट गण्डकी प्रदेश सरकारले एक जिल्ला एक जलाशय पहिचान निर्माण कार्यक्रम शुरू गरेको छ, जुन अन्तर्गत बन्दीपुर-३ मा रहेको सिमलताल जलाशय लिफ्ट सिंचाई परियोजनाको अध्ययन सुरू यही आ. व.बाट गरिएको छ । जसबाट देश बिकासमा प्रदेश सकारको भूमिकालाई थप उचाईमा पुर्‍याउने र सिंचाई क्षेत्रमा संलग्न प्राबिधिकहरूको क्षमता विस्तार समेत हुने देखिन्छ ।

*(लेखक जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय तनहुँका डिभिजन प्रमुख हुन् ।)*

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा





## लाखे नाच प्रतियोगिता

तनहुँको शुक्लागण्डकी नगरपालिका-७ खैरेनीटारमा आइतबार आयोजित लाखे नाच प्रतियोगिता । १७ टिमको सहभागिता रहेको प्रतियोगितामा श्रीकृष्ण ल्याम्ह पूजा खैरेनीटार प्रथम, अरिदेव ल्याम्ह पुच दुलेगौंडा दोस्रो र छाङ्गेली नेवा: खल: दमौली तेस्रो भएका छन् । प्रथम, दोस्रो र तेस्रो हुने टिमलाई क्रमश: रू. ३० हजार, २० हजार र १० हजार तथा अन्य सहभागी टिमलाई रू. ५/५ हजार नगद पुरस्कार प्रदान गरिएको छ ।

*तस्विर : भञ्ज्याङ*

# भोटेकोशीको बाढी घट्यो, ......

कुरा चित्रमा देखाउँछन् ।

**'तल लग्यो भने फेरि बगाउँछ'**

फिल्डमा खटिएकी मनोसामाजिक परामर्शदाता तथा विश्वास नेपालकी अध्यक्ष तारा भण्डारीले एउटा कुरा अझै बिर्सेकी छैनन् । बच्चाहरूलाई अस्थायी रूपमा सुरक्षित ठाउँमा सार्न खोज्दा केहीले जानै मानेनन् । उनीहरूको डर थियो, 'तल लग्यो भने हामीलाई बगाउँछ । फेरि ठूलो खोला आउँछ ।' बाढी सकिइसक्दा पनि बालबालिकाका लागि खतरा सकिएको थिएन । उनीहरूको दिमागले अझै पनि पानी आउँदै गरेको देखिरहेको थियो । भण्डारीको अनुभवमा बालबालिकालाई सुरक्षित ठाउँमा सार्नु मात्रै पर्याप्त हुँदैन । उनीहरूले आफू सुरक्षित छु भन्ने महसुस गर्नुपर्छ । त्यसैले विपद्पछि बालबालिकालाई खाना, कपडा र आश्रय दिनुजत्तिकै महत्वपूर्ण काम उनीहरूको डर सुन्नु हो ।

**सुरुमा चुपचाप, खेल्न थालेपछि खुल्दै गए**

मनोसामाजिक टोली बाढीपछि प्रभावित क्षेत्रमा पुग्दा सुरूका दिनमा बालबालिका चुपचाप थिए । कुरा गर्न खोज्दा टाउको झुकाउँथे । कोही टाढाबाट हेरेर बसिरहन्थे । पछि उनीहरूका लागि खेलौना पुग्यो । कागज र पेन्सिल दिइयो । खेल्न र चित्र बनाउन दिइयो । विस्तारै बालबालिका खेल्न थाले । चित्र बनाउन थाले । कोही सरसफाइमा पनि सहभागी हुन थाले । त्यही क्रममा उनीहरूले मनको कुरा भन्न थाले । केहीले घर बनाए । कसैले आमाबुवाले बच्चा बोकेको चित्र बनाए। कसैले ठूलो खोला बनाए । चित्रमार्फत आफ्नो कुरा व्यक्त गरे । एउटी बालिकाले घरको चित्र देखाउँदै भनिन्, 'हाम्रो घर त बाढीले बगाएर लग्यो । पछि हाम्रो घर यस्तै बन्छ होला।' मनोसामाजिक क्षेत्रमा काम गरिरहेकी ग्रिष्मा पनेरूका अनुसार बाढी प्रभावित बालबालिकामा फरक-फरक प्रतिक्रिया देखिएको छ । कोही चुप छन् । कोही डराइरहेका छन् । कोही एक्लै बस्न खोज्छन् । कतिपय राति निदाउन सक्दैनन्। पानी देख्दा वा ठूलो आवाज सुन्दा फेरि त्यही घटना सम्झन्छन् । तर सबै बालबालिकाले आफ्नो पीडा बोलेर देखाउँदैनन् । 'बच्चा खेलिरहेको छ भने पनि ऊ ठिक छ भन्ने हुँदैन,' पनेरूका अनुसार बालबालिकाको व्यवहारमा आएको परिवर्तन, निद्रा, खानपान, डर र अरूसँगको सम्बन्ध पनि हेर्नुपर्छ ।

**सबै बालबालिका बिरामी हुँदैनन्, तर निगरानी आवश्यक छ**

बाल तथा किशोरकिशोरी मनोचिकित्सक डा. उत्कर्ष कार्कीका अनुसार विपद्का बेला बालबालिकाको प्रतिक्रिया वयस्कको भन्दा फरक हुनसक्छ । कोही नबोली बस्न सक्छन्। कोही धेरै बोल्छन् । कोही डराउँछन्, आमाबुबालाई छोड्न चाहँदैनन् । राति सुत्न नसक्ने, नराम्रो सपना देख्ने वा अचानक रूने हुनसक्छ। 'यस्तो अवस्थामा बालबालिकासँग व्यवहार गर्दा थप संवेदनशील हुनुपर्छ,' कार्की भन्छिन्, 'बाढीपछि देखिने सबै मानसिक प्रतिक्रिया रोग होइनन् । धेरैजसो बालबालिका समयसँगै सामान्य अवस्थामा फर्किन्छन्। तर केहीमा लक्षण लामो समयसम्म रहन सक्छ । तीव्र तनाव प्रतिक्रिया, पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर (पीटीएसडी), चिन्ता, डिप्रेसन, व्यवहारमा परिवर्तन तथा निद्रा र खानपानसम्बन्धी समस्या देखिन सक्छन्।' पीटीएसडीको अवस्थामा बाढीका दृश्य बारम्बार सम्झनामा आउनु, दु:स्वप्न देख्नु, पानी, वर्षा वा अँध्यारोसँग अत्यधिक डराउनु, घटनाको सम्झनाबाट भाग्न खोज्नु र अत्यधिक सजग रहनुजस्ता समस्या देखिन सक्ने कार्की बताउँछन् । कतिपय बालबालिकामा ध्यान केन्द्रित गर्न नसक्ने, पढाइमा समस्या हुने वा साथीभाइबाट टाढिने व्यवहार पनि देखिन सक्छ । तर केही समय यस्ता लक्षण देखिँदैमा बालबालिकालाई 'मानसिक बिरामी' भनेर बुझ्नु गलत हुने कार्की बताउँछन् । समस्या तब गम्भीर रूपमा लिनुपर्छ, जब लक्षण चारदेखि ६ हप्ताभन्दा लामो समय रहन्छन्, बढ्दै जान्छन् वा खानपान, निद्रा, खेल र पढाइ जस्ता दैनिक जीवन नै प्रभावित हुन्छ ।

**पहिलो उपचार- 'तिमी सुरक्षित छौ' भन्ने अनुभूति**

डा. कार्कीका अनुसार बाढी प्रभावित बालबालिकाका लागि पहिलो प्राथमिकता मनोचिकित्सा होइन, सुरक्षा हो । पहिले सुरक्षित ठाउँ, खाना, पानी र परिवारसँग पुनर्मिलन सुनिश्चित गर्नुपर्छ । बालबालिकालाई जबरजस्ती आप्नो कथा सुनाउन लगाउनु हुँदैन । उनीहरूले आफूखुसी भावना व्यक्त गर्न सक्ने वातावरण बनाउनुपर्छ । त्यसपछि परिवार र हेरचाहकर्ताको भूमिका महत्वपूर्ण हुन्छ। खाने, सुत्ने र खेल्ने समयलाई सकेसम्म नियमित बनाउनुपर्छ। उनीहरूको कुरा सुन्नुपर्छ। साना बालबालिकासँग खेल, चित्र र कथामार्फत भावना व्यक्त गर्न सहयोग गर्न सकिन्छ। समस्या लामो समय रह्यो भने प्ले थेरापी, कला थेरापी, ट्रमा-फोकस्ड थेरापी तथा विद्यालय वा समुदायमा समूह परामर्श आवश्यक हुनसक्छ । गम्भीर अवस्थामा विशेषज्ञ मानसिक स्वास्थ्य सेवासम्म पुऱ्याउनुपर्छ ।

**संकट परामर्शको कोठाभित्र मात्रै सीमित छैन**

जागृति बाल तथा युवा सरोकार नेपाल तथा बालबालिका शान्ति क्षेत्र अभियानका अध्यक्ष, बालअधिकारकर्मी तिलोत्तम पौडेलका लागि अहिलेको सबैभन्दा ठूलो चिन्ता बालबालिकाको संरक्षण हो । उनका अनुसार बाढीले घरबारविहीन बनाएका बालबालिकाको अवस्था राहत बाँडेर मात्रै समाधान हुँदैन। परिवारबाट छुट्टिएका बालबालिकालाई परिवारसँग पुनर्मिलन गराउने, अभिभावक गुमाएका बालबालिकाको दीर्घकालीन संरक्षण गर्ने र उनीहरूलाई सुरक्षित वातावरणमा राख्ने काम उत्तिकै महत्वपूर्ण छ । राष्ट्रिय बालअधिकार परिषद्को विवरणले पनि यही चिन्ता देखाउँछ । रसुवाको उत्तरगया गाउँपालिकामा कम्तीमा ५७ बालबालिकाले अभिभावक गुमाएको र उनीहरु क्याम्पमा फेला नपरेको विवरण छ। त्यहाँ करिब २०० बालबालिका हराइरहेको बताइएको छ । नुवाकोटको विदुर नगरपालिकामा ६१४ बालबालिका प्रभावित भएको विवरण छ । त्यसमध्ये २७ जनाले दुवै अभिभावक गुमाएका छन् भने २०३ जना अभिभावकबाट छुट्टिएका छन् । बेलकोटगढीमा ५२ बालबालिका अभिभावकविहीन भएको विवरण छ ।

**एक दिन ६५ जना, भोलिपल्ट ३७ जना**

बालबालिकाको मानसिक स्वास्थ्यसँगै अर्को गम्भीर समस्या उनीहरूको अवस्थाबारे यकिन तथ्यांक नहुनु हो । बाढी प्रभावित क्षेत्रमा रहेकी मनोपरामर्शदाता तारा भण्डारीका अनुसार एक दिन ६५ जना बालबालिकालाई सुरक्षित होल्डिङ सेन्टरमा राखियो । भोलिपल्ट त्यहाँ ३७ जना मात्रै भेटिए । बाँकी कहाँ गए भन्ने तत्काले यकिन गर्न सकिएन । कतिपय बालबालिकालाई 'मेरो आफन्त हो' भन्दै निजी घरमा राखिएको अवस्था पनि भेटिएको छ। एउटै घरमा धेरै बालबालिका राखिएको पनि पाइयो । तर उनीहरु साँच्चिकै आफन्त हुन् कि होइनन् भन्ने पुष्टि नभएकोले बाल संरक्षणको जोखिम झनै बढ्छ । परिवारबाट छुट्टिएका वा अभिभावक गुमाएका बालबालिका मानव बेचबिखन, बालविवाह र बालश्रमको जोखिममा हुन सक्छन् । त्यसैले बालअधिकारकर्मी पौडेल परिवार वा स्थानीय तहको जानकारी र स्वीकृतिविना बालबालिकालाई अन्यत्र लैजान नहुनेमा विशेष ध्यान दिनुपर्ने बताउँछन् । बाढीले जन्मदर्ता लगायतका कागजात बगाएको हुनसक्ने भएकाले पहिचान र आवश्यक अभिलेख तत्काल सुनिश्चित गर्नुपर्ने उनको जोड छ । रसुवा-नुवाकोटमा बाढीपछि बालबालिकाको अवस्था अत्यन्त चिन्ताजनक छ। उनका अनुसार करिब ६०० भन्दा बढी बालबालिकाले बाबुआमा गुमाएको भनिएको छ भने कतिपय अझै बेपत्ता छन् ।

**'हाम्रो कथा कति जनालाई मात्रै भन्ने ?'**

बाढी प्रभावित बालबालिकासँग काम गरिरहेका परामर्शदाताहरूको अर्को चिन्ता छ, उनीहरूलाई पटक-पटक आफ्नो दु:ख सुनाउन लगाइनु। राहतका नाममा एउटा टोली आउँछ। काउन्सिलिङका नाममा अर्को आउँछ। घटना सोध्छ। फोटो खिच्छ, फर्किन्छ। तर, बालबालिकाका लागि त्यो घटना हरेक पटक नयाँ हुँदैन । उनीहरूले एउटै दु:ख फेरि सम्झनुपर्छ । त्यही क्रममा एउटी बालिकाले परामर्शदातासँग प्रश्न गरिन्, 'हाम्रो स्टोरी कति जनालाई मात्रै भन्ने ?' त्यसैले मनोसामाजिक सहयोग 'एक पटक गएर फर्किने' शैलीमा मात्र प्रभावकारी हुँदैन । विश्वासको सम्बन्ध बनाइसकेको परामर्शदाताले निरन्तर साथ दिनुपर्ने आवश्यकता हुन्छ । बालबालिकाको मनको कुरा बाहिर निकालेर त्यसलाई सामाजिक सञ्जालको सामग्री बनाउने होइन, उनीहरूको गोपनीयता र सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्ने विज्ञहरूको जोड छ ।

**विद्यालय खुल्नु भनेको कक्षा सुरू हुनु मात्रै होइन**

बाढीपछि विद्यालय बन्द हुँदा बालबालिकाको नियमित दिनचर्या बिग्रिएको छ। कतिपय खाली बसिरहेका छन् । कतिपय बाढीले क्षति पुऱ्याएका घर तथा पसलमा सामान निकाल्न जान्छन् । केही जोखिमपूर्ण ठाउँमा पुगेर सामान खोजिरहेका छन् । विद्यालय नहुँदा बालबालिकालाई व्यस्त राख्ने संरचना पनि छैन । मानसिक रूपमा सामान्य अवस्थामा फर्काउने एउटा महत्वपूर्ण माध्यम पनि छुटेको छ । त्यसैले प्रभावित क्षेत्रमा विद्यालय खोल्नु शिक्षा मन्त्रालय वा विद्यालय प्रशासनको मात्रै विषय होइन । यो बाल संरक्षण र मानसिक स्वास्थ्यको विषयसमेत हो । विद्यालय सुरक्षित हुनुपर्छ । भवन र बाटो सुरक्षित छन् कि छैनन् भन्ने हेर्नुपर्छ । विद्यालयमै आवश्यक मनोसामाजिक सहयोगको व्यवस्था हुनुपर्छ । विद्यालय खुलेपछि शिक्षकले आफ्ना विद्यार्थी पहिचान गर्न सक्छन् । को उपस्थित छ ? को अनुपस्थित छ ? को हराएको छ ? को अर्को ठाउँमा पुगेको छ? यी प्रश्नको जवाफ खोज्न पनि विद्यालय महत्वपूर्ण संरचना बन्न सक्ने बालअधिकारकर्मीहरु बताउँछन् । तर बाढीले विद्यालयका कागजातसमेत बगाएको अवस्थामा यो काम चुनौतीपूर्ण छ। त्यसैले स्थानीय तह, विद्यालय र सम्बन्धित संस्थाको सहकार्यमा बालबालिकाको तथ्यांक संकलनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता भएको बालअधिकारकर्मी पौडेल बताउँछन् ।

**बाढीपछि पनि ठूलो संकट आउन सक्छ**

विपत्तिको पहिलो चरणमा मानिसको ध्यान बाँच्ने र सुरक्षित हुने कुरामै केन्द्रित हुन्छ । खाना चाहिन्छ। पानी चाहिन्छ । सुरक्षित ठाउँ चाहिन्छ । आफन्त खोज्नुपर्छ । बालबालिकामा पनि त्यही हुन्छ । तर, राहतको तत्कालीन चाप कम हुँदै जाँदा, विद्यालय खुल्दा, मानिसहरु घर भएको ठाउँमा फर्किंदा र बाढीले बगाएको जीवनको वास्तविकता उनीहरूले महसुस गर्न थाल्दा मानसिक पीडा अझ गहिरो हुनसक्छ । मनोचिकित्सक कार्कीको चिन्ता यही हो । विशेषगरी अभिभावक गुमाएका, परिवारबाट छुट्टिएका, आफन्तको अत्तोपत्तो नभएका वा घर पूर्ण रूपमा गुमाएका बालबालिकालाई लामो समयसम्म मनोसामाजिक सहयोग आवश्यक पर्न सक्छ । कार्की भन्छन्, 'एक-दुई पटकको काउन्सिलिङले यस्तो गहिरो आघात निको हुँदैन । उनीहरूलाई निरन्तर सम्बन्ध, सुरक्षित वातावरण, विद्यालय, खेल्ने ठाउँ, साथीभाइ र परिवारसँग पुनर्मिलन चाहिन्छ । आवश्यक परे विशेषज्ञ मानसिक स्वास्थ्य सेवासम्म पहुँच चाहिन्छ । सबैभन्दा महत्वपूर्ण कसैले उनीहरूको कुरा सुनिदिन्छ भन्ने विश्वास चाहिन्छ ।'

**अब राहतसँगै पुनर्स्थापना**

बालअधिकारकर्मी पौडेल भन्छन्, 'बाढी प्रभावित क्षेत्रमा राहत सामग्री थुप्रिँदै छन् । तर अब बालबालिकाका लागि राहतसँगै पुनर्स्थापना चाहिएको छ । हराएका बालबालिकाको यकिन तथ्यांक चाहिएको छ। परिवार पहिचान र पुनर्मिलन चाहिएको छ । अभिभावकविहीन बालबालिकाको सुरक्षित संरक्षण चाहिएको छ। बेचबिखन, बालविवाह, बालश्रम र यौन दुर्व्यवहारबाट सुरक्षा चाहिएको छ ।' बाढीले बगाएका जन्मदर्ता र अन्य अभिलेख पुन:स्थापित गर्नुपर्छ । विद्यालय सुरक्षित रूपमा सञ्चालन गर्नुपर्छ । मनोसामाजिक परामर्श निरन्तर हुनुपर्छ । र, सबैभन्दा बढी- बालबालिकालाई फेरि आफ्नो संसार बनाउने ठाउँ दिनुपर्ने उनी सुझाउँछन् । अनलाइनखबरबाट

## Sanjeev



**Sanjeev**
x.com/sanpokh

सार्वजनिक पद प्राप्त गर्नुलाई नेपाल/नेपालीमा 'खानु' भन्ने चलन छ ।'फलानोले यति वर्ष प्रधानमन्त्री खायो' । 'चिलानाले यतिपटक मन्त्री खायो'। 'फलानोले ढिस्काना देशको राजदूत खायो।' भनेको त हामी सुनिरहेकै हुन्छौं ।

पदमा रहनुलाई 'खानु' भन्ने शब्दको प्रयोग नेपाली भाषामा मात्र होला शायद । तर, मलाई यसको सिम्यान्टिक गजब सुहाउँदो लाग्छ ।

सार्वजनिक पदलाई नेपालमा जिम्मेवारीको रूपमा नभइ पुरस्कारका रूपमा हेरिन्छ । यस्तो पुरस्कार जसलाई प्राप्त गर्नेले आनन्द भोग गर्न पाउँछ । जसरी कुनै कुरा खाँदा आनन्द हुन्छ । अर्थात्, सार्वजनिक पद आनन्दको माध्यम हो । त्यसैले, न 'खाने'ले आफ्नो जिम्मेवारीलाई गम्भीरतापूर्वक लिएको हुन्छ, न दिनेले।

मलाई लाग्छ नेपाल आधुनिक भएको अभिनय गरिरहेको पुरातन राष्ट्र हो। पहिला-पहिला शासकले पुरस्कारस्वरूप पदहरु बाँड्थे। दिनेले निगाह गर्थ्यौ, पाउनेले शासकबाट न्याय भएको अनुभूति गर्थ्यो । त्यसबाहेक जिम्मेवारीका अरु नीतिगत र नैतिक आधार पहिला थिएनन् । र, अहिले पनि छैनन् ।

सम्भावित राजदूतको सूचिमा नाम भएका सबैलाई बधाई छ ! पाएको पद स्वाद लिएर खानुहोला ! कारणवस यसपटक पाइएन भने भक्तिमार्गको बाटो नछोड्नुहोला !

# बन्दीपुरमा असोज ८ र ९ गते एचपीभी खोप लगाईदै

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

तनहुँको बन्दीपुर गाउँपालिका स्वास्थ्य शाखाले पाठेघरको मुखको क्यान्सरविरूद्धको एचपीभी खोप कार्यक्रमसम्बन्धी अभिमुखीकरण तथा सञ्चार कार्यक्रम-२०८३ सम्पन्न गरेको छ । राष्ट्रिय खोप तालिकामा पाठेघरको मुखको क्यान्सरबाट बचाउने एचपीभी खोप थपिएसँगै आर्थिक वर्ष २०८३/८४ देखि नियमित खोप सेवाअन्तर्गत एचपीभी खोप सञ्चालन गरिने भएको हो ।



बन्दीपुर गाउँपालिकाका विद्यालयमा अध्ययनरत कक्षा ६ का छात्रा तथा विद्यालय नजाने १० वर्ष उमेरका किशोरीलाई एचपीभी खोप प्रदान गरिने स्वास्थ्य शाखाले जनाएको छ। खोप कार्यक्रम असोज ८ र ९ गते विद्यालय तथा तोकिएका खोप केन्द्रमार्फत सञ्चालन गरिने जनाइएको छ । स्वास्थ्य शाखाले पाठेघरको मुखको क्यान्सर रोकथाममा एचपीभी खोप प्रभावकारी हुने भएकाले लक्षित उमेर समूहका किशोरीलाई अनिवार्य रूपमा खोप कार्यक्रममा सहभागी गराउन अभिभावक, विद्यालय तथा सम्बन्धित सरोकारवालालाई आग्रह गरेको छ।

# दूध, मासु र अण्डामा तनहुँ ........

१२१ मेट्रिक टन पुगेको छ । एक वर्षको अवधिमा दूध उत्पादन १ हजार ३६९ मेट्रिक टनले बढेको हो। ठकुरीका अनुसार दूध उत्पादक किसानलाई उत्पादनका आधारमा प्रोत्साहन गर्ने नीतिले पशुपालनमा किसानको आकर्षण बढाउन सहयोग पुगेको छ ।

**मासु उत्पादन घट्यो, कुखुराको उत्पादन बढ्यो**

मासु उत्पादन भने अघिल्लो वर्षको तुलनामा घटेको छ । आर्थिक वर्ष २०८१/८२ मा ४ हजार ९९८.१९ मेट्रिक टन मासु उत्पादन भएकामा २०८२/८३ मा ४ हजार ७८१.३ मेट्रिक टन उत्पादन भएको छ । राँगा, भैंसी, खसीबोका तथा सुँगुर-बंगुरको मासु उत्पादन घटे पनि कुखुराको उत्पादन बढेको केन्द्रले जनाएको छ । माछा उत्पादनमा भने सुधार देखिएको छ। आर्थिक वर्ष २०८१/८२ मा ११३ मेट्रिक टन माछा उत्पादन भएकामा २०८२/८३ मा बढेर १६४ मेट्रिक टन पुगेको छ। उत्पादन बढे पनि जिल्लाको कुल माग धान्न भने अझै पर्याप्त नभएको केन्द्रको तथ्यांक छ ।

**गाई बढे, भैंसी र बाख्रा घटे**

पशु चौपायाको संख्यामा पनि उतारचढाव देखिएको छ। आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार ७४२ वटा गाई रहेकामा २०८२/८३ मा बढेर ४९ हजार ९१२ पुगेका छन्। भैंसीको संख्या भने घटेको छ। अघिल्लो आर्थिक वर्षमा ५३ हजार ३८३ वटा भैंसी रहेकामा पछिल्लो वर्ष ५१ हजार २३५ मा झरेको छ। बाख्राको संख्या पनि ३ लाख ८८ हजार १७६ बाट घटेर ३ लाख ७४ हजार ७६५ पुगेको छ।

कुखुराको संख्या पनि सामान्य घटेको छ। आर्थिक वर्ष २०८१/८२ मा ९ लाख ९८ हजार ९३६ वटा कुखुरा रहेकामा २०८२/८३ मा ९ लाख ९७ हजार ७६५ पुगेको केन्द्रले जनाएको छ । यसबीच जिल्लामा गाई, हाँस र खरायो पालनतर्फ भने वृद्धि देखिएको केन्द्रको तथ्यांकले जनाएको छ। उत्पादन र किसानको संलग्नताका आधारमा तनहुँमा पशुपालन क्षेत्र जिल्लाको अर्थतन्त्रसँग जोडिएको महत्वपूर्ण व्यवसायका रूपमा विकसित हुँदै गएको देखिन्छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४